Test Booklet No.
परीक्षा पुस्तिका संख्या

164382

This booklet contains 16 pages.
इस पुस्तिका में 16 पृष्ठ हैं ।

# JBC – 12A

**PAPER II / प्रश्न-पत्र II**
**PART IV & V / भाग IV & V**
**Nepali Language Supplement**
**नेपाली भाषा परिशिष्ट**

Test Booklet Code
परीक्षा पुस्तिका संकेत

# X

**Do not open this Test Booklet until you are asked to do so.**
**इस परीक्षा पुस्तिका को तब तक न खोलें जब तक कहा न जाए ।**
**Read carefully the Instructions on the Back Cover (Page 15 & 16) of this Test Booklet.**
**इस परीक्षा पुस्तिका के पिछले आवरण (पृष्ठ 15 व 16) पर दिए निर्देशों को ध्यान से पढ़ें ।**

**For instructions in Nepali see Page 2 of this booklet. / नेपाली में निर्देशों के लिए इस पुस्तिका का पृष्ठ 2 देखें ।**

## *INSTRUCTIONS FOR CANDIDATES*

1. This booklet is a supplement to the Main Test Booklet for those candidates who wish to answer **EITHER** Part IV (Language I) **OR** Part V (Language II) in **NEPALI** language, but **NOT BOTH**.
2. Candidates are required to answer Part I and Part II **OR** III from the Main Test Booklet and Parts IV and V from the languages chosen by them.
3. Questions on English and Hindi languages for Part IV and Part V have been given in the Main Test Booklet. Language Supplements can be asked for separately.
4. Use **Blue / Black Ball Point Pen only** for writing particulars on this page / marking responses in the Answer Sheet.
5. The CODE for this Language Booklet is **X**. Make sure that the CODE printed on **Side-2** of the Answer Sheet and on your Main Test Booklet is the same as that on this Language Supplement Booklet. In case of discrepancy, the candidate should immediately report the matter to the Invigilator for replacement of the Language Supplement Test Booklet.
6. This Test Booklet has **two** Parts, IV and V, consisting of **60** Objective Type Questions, each carrying 1 mark :
   Part IV : Language I – (Nepali) *(Q. 91 to Q. 120)*
   Part V : Language II – (Nepali) *(Q. 121 to Q. 150)*
7. Part IV contains 30 questions for Language I and Part V contains 30 questions for Language II. In this Test Booklet, only questions pertaining to Nepali language have been given. **In case the language/s you have opted for as Language I and/or Language II is a language other than Nepali, please ask for a Test Booklet that contains questions on that language. The languages being answered must tally with the languages opted for in your Application Form.**
8. **Candidates are required to attempt questions in Part V (Language II) in a language other than the one chosen as Language I (in Part IV) from the list of languages.**
9. Rough work should be done only in the space provided in the Test Booklet for the same.
10. The answers are to be recorded on the OMR Answer Sheet only. Mark your responses carefully. No whitener is allowed for changing answers.

## *परीक्षार्थियों के लिए निर्देश*

1. यह पुस्तिका मुख्य परीक्षा पुस्तिका की एक परिशिष्ट है, उन परीक्षार्थियों के लिए जो **या** तो भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषा में देना चाहते हैं, लेकिन **दोनों नहीं** ।
2. परीक्षार्थी भाग I एवं भाग II **या** III के उत्तर मुख्य परीक्षा पुस्तिका से दें और भाग IV व V के उत्तर उनके द्वारा चुनी भाषाओं से ।
3. अंग्रेज़ी व हिन्दी भाषा पर प्रश्न मुख्य परीक्षा पुस्तिका में भाग IV व भाग V के अन्तर्गत दिए गए हैं । भाषा परिशिष्टों को आप अलग से माँग सकते हैं ।
4. इस पृष्ठ पर विवरण अंकित करने एवं उत्तर पत्र पर निशान लगाने के लिए **केवल नीले/काले बॉल पॉइंट पेन** का प्रयोग करें ।
5. इस भाषा पुस्तिका का **संकेत** है **X**. यह सुनिश्चित कर लें कि इस भाषा परिशिष्ट पुस्तिका का संकेत, उत्तर पत्र के **पृष्ठ-2** एवं मुख्य प्रश्न पुस्तिका पर छपे संकेत से मिलता है । अगर यह भिन्न हो तो परीक्षार्थी दूसरी भाषा परिशिष्ट परीक्षा पुस्तिका लेने के लिए निरीक्षक को तुरन्त अवगत कराएँ ।
6. इस परीक्षा पुस्तिका में **दो** भाग IV और V हैं, जिनमें **60** वस्तुनिष्ठ प्रश्न हैं, जो प्रत्येक 1 अंक का है :
   भाग IV : भाषा I — (नेपाली) *(प्र. 91 से प्र. 120)*
   भाग V : भाषा II — (नेपाली) *(प्र. 121 से प्र. 150)*
7. भाग IV में भाषा I के लिए 30 प्रश्न और भाग V में भाषा II के लिए 30 प्रश्न दिए गए हैं । इस परीक्षा पुस्तिका में केवल नेपाली भाषा से संबंधित प्रश्न दिए गए हैं । **यदि भाषा I और/या भाषा II में आपके द्वारा चुनी गई भाषा(एँ) नेपाली के अलावा है तो कृपया उस भाषा वाली परीक्षा पुस्तिका माँग लीजिए । जिन भाषाओं के प्रश्नों के उत्तर आप दे रहे हैं वह आवेदन पत्र में चुनी गई भाषाओं से अवश्य मेल खानी चाहिएँ ।**
8. **परीक्षार्थी भाग V (भाषा II) के लिए, भाषा सूची से ऐसी भाषा चुनें जो उनके द्वारा भाषा I (भाग IV) में चुनी गई भाषा से भिन्न हो ।**
9. रफ कार्य परीक्षा पुस्तिका में इस प्रयोजन के लिए दी गई खाली जगह पर ही करें ।
10. सभी उत्तर केवल OMR उत्तर पत्र पर ही अंकित करें । अपने उत्तर ध्यानपूर्वक अंकित करें । उत्तर बदलने हेतु श्वेत रंजक का प्रयोग निषिद्ध है ।

SEAL

Name of the Candidate (in Capitals) : ______________________
परीक्षार्थी का नाम (बड़े अक्षरों में ) :
Roll Number (अनुक्रमांक) : in figures (अंकों में) ______________________
: in words (शब्दों में) ______________________
Centre of Examination (in Capitals) : ______________________
परीक्षा केन्द्र (बड़े अक्षरों में ) :
Candidate's Signature : ______________ Invigilator's Signature : ______________
परीक्षार्थी के हस्ताक्षर : निरीक्षक के हस्ताक्षर :
Facsimile signature stamp of Centre Superintendent ______________________

यस पुस्तिकामा 16 पृष्ठ छन् ।

# JBC – 12A

**प्रश्नपत्र II**

**भाग IV र V**

**नेपाली भाषा परिशिष्ट खण्ड**

**परीक्षा पुस्तिका सङ्केत**

**X**

**यो परीक्षा पुस्तिका तबमात्र खोल्नुहोस् जब तपाईंलाई खोल्न भनिन्छ ।**

**यो परीक्षा पुस्तिकाको पछिल्लो आवरणमा (पृष्ठ 15 व 16) दिइएको निर्देश ध्यानले पढ्नुहोस् ।**

***परीक्षार्थीहरूका लागि निर्देश***

1. यो पुस्तिका मुख्य परीक्षा पुस्तिकाको परिशिष्ट हो । ती परीक्षार्थीहरूका लागि **या** त भाग IV (भाषा I) **या** भाग V (भाषा II) **नेपाली** भाषामा दिन सक्छन् तर **दुवैमा होइन** ।
2. परीक्षार्थीले भाग I व भाग II **या** III का उत्तर मुख्य परीक्षा पुस्तिकाबाट दिनुपर्छ र भाग IV र V का उत्तर उनीहरूले छानेको भाषाबाट ।
3. अङ्ग्रेजी र हिन्दी भाषामा यी प्रश्न मुख्य परीक्षा पुस्तिकामा भाग IV र V को अन्तर्गत दिइएका छन् । भाषा परिशिष्टलाई तपाईं अलग्गै माग्न सक्नुहुने छ ।
4. यो पृष्ठमा विवरण अङ्कित गर्न एवं उत्तर पुस्तिकामा निशान लगाउनको लागि **केवल निलो/कालो बल पोइन्ट पेन** मात्रै प्रयोग गर्नुहोस् ।
5. यो भाषा पुस्तिकाको **सङ्केत X** हो । यो सुनिश्चित गर्नु कि यो भाषा परिशिष्ट पुस्तिकाको सङ्केत, उत्तरपत्रको **पृष्ठ-2** एवं मुख्य परीक्षा पुस्तिकामा छापिएको सङ्केतसित मिल्छ । यदि यो भिन्नै छ भने परीक्षार्थीले दोस्रो भाषा परिशिष्ट परीक्षा पुस्तिका लिनका लागि निरीक्षकलाई तत्कालै जनाउनुपर्ने छ ।
6. यो पुस्तिकामा **दुई** भाग IV र V छन्, जसमा **60** बटा वस्तुनिष्ठ प्रश्न छन् र ती प्रत्येक 1 अङ्कका छन् ।

   भाग IV भाषा I (नेपाली) *(प्र. 91 – बाट प्र. 120)*

   भाग V भाषा II (नेपाली) *(प्र. 121 – बाट प्र. 150)*
7. भाग IV मा भाषा I का लागि 30 प्रश्न र भाग V भाषा II का लागि 30 प्रश्न दिएका छन् । **यदि तपाईंको भाषा I वा II नेपालीका अतिरिक्त छ भने कृपया त्यो भाषा सम्बन्धित परीक्षा पुस्तिका माग्नुहोस् कि यो तपाईंको आवेदनपत्रमा अङ्कित थियो ।**
8. **परीक्षार्थीले भाग V (भाषा II) का लागि भाषा सूचीबाट यस्तो भाषा छान्नु जो उनीद्वारा भाषा I (भाग IV) मा छानिएको भाषाबाट भिन्न होस् ।**
9. कच्चा काम परीक्षा पुस्तिकामा दिइएको खालि स्थानमा नै गर्नुहोस् ।
10. सबै उत्तर केवल OMR उत्तरपत्रमा अङ्कित गर्नुहोस् । आफ्नो उत्तर ध्यानपूर्वक अङ्कित गर्नुहोस् । उत्तर बदल्नका लागि श्वेतरञ्जकको प्रयोग निषेध छ ।

विद्यार्थीको नाम : ____________________

अनुक्रमाङ्क : अङ्कमा ____________________

: शब्दमा ____________________

परीक्षा केन्द्र : ____________________

परीक्षार्थीको हस्ताक्षर : ____________________ निरीक्षकको हस्ताक्षर : ____________________

Facsimile signature stamp of
Centre Superintendent ____________________

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – I.**

# भाग IV
# भाषा I
# नेपाली

*निर्देशन : तल दिइएका उपयुक्त विषय छान्नुहोस् ।*

**91.** अभिनेताहरू बुझाउने समुदायवाचक नाम हो

(1) समूह

(2) कलोनी

(3) अभिनेतावृन्द

(4) संकाय

**92.** 'तपाईं सोध्नुहोस्, हाम्रो लक्ष्य के हो ? म एउटै शब्दमा उत्तर दिन सक्छु : विजय ।' यस्तो प्रश्न हो

(1) विवृत

(2) आलङ्कारिक

(3) अभिकल्पित

(4) तात्कालिक

**93.** रेल-यात्रामा एकजना सहयात्रीको सिट झ्यालको छेउमा छ अनि तपाईं उसले झ्याल बन्द गरोस् भन्ने चाहनुहुन्छ । तपाईं कसरी अनुरोध गर्नुहुन्छ ?

(1) कृपया झ्याल बन्द गरिदिनुहोस् ।

(2) के तपाईं झ्याल बन्द गर्न सक्नुहुन्छ ?

(3) तपाईं झ्याल बन्द गर्न सक्नुहुन्थ्यो कि ?

(4) मलाई झ्याल बन्द गरिदिनुहोस् ।

**94.** तलको वार्तालाप पढ्नुहोस्

शिक्षक : साटोमा तिमी एउटा कथाको किताब पढ्न मन पराउँथ्यौ कि ?

विद्यार्थी : हजुर ।

शिक्षक : हुन्छ, पढ ।

यहाँ शिक्षकले

(1) एउटा वैकल्पिक भाषिक क्रियाकलापको प्रस्ताव राख्छन्

(2) भाषिक-प्रकार्यलाई विनयशीलतासित सम्बद्ध गराउँछन्

(3) पढाइ सुरु गर्नका निम्ति विनम्र सुझाउ राख्छन्

(4) विद्यार्थीको निवेदन स्वीकार गर्छन्

**95.** क्रियामूलसित सम्बन्ध राख्ने शब्द कुन हो ?

(1) धातु

(2) सुरिलो

(3) ताँबा

(4) सुन

**96.** अङ्ग्रेजी भाषाको विशेषक प्रयोगबारे अध्ययन गर्दा 'may', 'might', 'can', 'could' आदि कुन कुरामा केन्द्रित रहन्छन्

(1) सन्दर्भगत अर्थ

(2) पूर्वपदहरूको अर्थ

(3) वाक्यमा तिनको स्थान

(4) तिनीहरूको अर्थ

**97.** हुलाकीले बिहान 11 बजी डाक पुऱ्यायो ।
डाक हुलाकीद्वारा पुऱ्याइयो ।
विद्यार्थीहरूको ध्यान आकर्षित गराउँदै दिइएका दुईवटा कथन माझको भिन्नता प्रस्ट गर्न सकिन्छ

(1) शब्दहरूको संयोजनमा भिन्नता

(2) दुवै वाक्यहरूमा उद्देश्य र विधेयको कार्य

(3) क्रियापदमा आएको परिवर्तन

(4) कर्मवाच्यमा 'द्वारा' को प्रयोग

**98.** 'संज्ञान वैशिष्ट्य' प्रारूपमा कुन चाहिँ युग्म संघटित छन्

(1) सक्रिय/निष्क्रिय

(2) समग्रतामूलक/विश्लेषणपरक

(3) व्याख्यात्मक/शाब्दिक

(4) भावुक/संवेदनशील

**99.** भाषा-शिक्षण तथा मूल्याङ्कनमा 'पोर्टफोलियो' भन्नाले बुझिन्छ

(1) प्रत्येक सत्रमा सञ्चालित मौखिक जाँच

(2) सिकारूको प्रगति देखाउने कुनै समयावधिमा उसले गरेको कार्यको सङ्कलन

(3) प्रत्येक सत्रमा शिक्षकले कायम राखेको विद्यार्थीहरूका व्यवहारको रेकर्ड

(4) सामयिक पेन-पेपर जाँच

**100.** पढाइका समयमा 'विकोडीकरण' भन्नाले बुझिन्छ

(1) कुनै जटिल पहेलीको समाधान गर्नु

(2) विश्लेषण गर्नु अनि बुझ्नु

(3) कुनै विदेशी भाषा बुझ्नु

(4) आई.सी.टी. मा प्रयोग हुने एउटा कार्यव्यापार

**101.** वक्ता 1 : अहिलेसम्म तिम्री आमा घरमा आउनुभयो ?
वक्ता 2 : हजुर ।
विद्यार्थीहरूको बोल्ने-सुन्ने कौशलको मूल्याङ्कन गर्दा उक्त वार्तालापको समय अङ्क घटाइन्छ

(1) पहिलो वक्ताका

(2) दोस्रो वक्ताको

(3) दुवैजनाको

(4) कसैको घटाइँदैन

**102.** लेख्दा प्रयोग गरिने एउटा सांशक्तिक उपकरण हो

(1) न्यूनपद

(2) विशेषण

(3) उपसर्ग

(4) वाक्यांश

**103.** यदि तृतीय पुरुषमा रहेको कुनै लेखोट संक्षिप्त, पूर्ण, प्रासङ्गिक, अतिभावुक र तर्कसङ्गत भए त्यो एउटा

(1) स्मारक-पत्र हो

(2) रिपोर्ट हो

(3) खबरकागजको लेख हो

(4) वर्गीकृत विज्ञापन हो

**104.** 'सूर्य ग्रहण कहिले हो ?' प्रश्न यस रूपमा छ

(1) पूर्ण वर्तमानकाल

(2) भविष्यत् काल

(3) अपूर्ण वर्तमानकाल

(4) भूतकाल

**105.** एन.सी.एफ. 2005 [3.1.4] को सिफारिसअनुसार स्कुलले पढाइ र लेखाइमा विशेष रूपले ध्यान पुऱ्याउनु आवश्यक छ, विशेषतः यस सन्दर्भमा

(1) मातृभाषा

(2) हिन्दी

(3) अन्य विदेशी भाषाहरू

(4) अङ्ग्रेजी

*निर्देशन : अधोलिखित अनुच्छेद पढेर दिइएका (प्र. स. 106 – 114) प्रश्नहरूको सम्भावित विकल्पबाट छानेर सही उत्तर दिनुहोस् ।*

नैतिकताको आधारमा निर्धारित निश्चित नियमहरूप्रतिको आज्ञाकारितालाई अनुशासन भनिन्छ । साधारण भाषामा भन्नु हो भने कुनै सङ्ख्यालाई सुचारु रूपले सञ्चालन गर्नका निम्ति प्रस्तुत गरिएका नियमहरूको पालनलाई अनुशासन भनिन्छ । अनुशासन मनुष्य-जीवनव्यापी छ । मनुष्य-जीवनको कुनै पनि क्षेत्रमा अनुशासनको आवश्यकता छैन भन्नु उचित पर्दैन । घरभित्र-बाहिर, जताततै, जुनै स्थितिमा, जन्मदेखि मृत्युपर्यन्त, जीवनभरि मनुष्यलाई अनुशासनको परिधिभित्र रहनु आवश्यक छ । घरैबाट अनुशासनमा अभ्यास पाएकाहरूलाई घरबाहिरको अनुशासन पालनमा केही र आपद पर्दैन । जसको घरमा कुनै पनि कार्य नियमपूर्वक हुँदैन, त्यस घरका बालक-बालिकाहरू छाडा हुन्छन् र त्यस्ता छाडाहरूलाई बाहिरको संसारमा अनुशासन पालन गर्न पटक्क आउँदैन अनि यस्तैहरूको अनुशासनहीनताबाट देशको शान्ति, उन्नतिमा बाधा उपस्थित भएर आउँछ । अनुशासनपूर्ण वातावरणमा हुर्काइएका शिशुहरू नै भविष्यमा समाजका उपकारी सदस्य एवं देशका उत्तम नागरिक बन्न जान्छन् । विद्यार्थीहरूलाई अनुशासनको अभ्यास गराउँदा बाहिरबाट, डर देखाएर, नगरी तिनीहरूको हृदयभित्रबाट गराउनुपर्छ । तिनीहरूको हृदयमा अनुशासनप्रति प्रेम उत्पन्न गराएर तिनीहरूलाई स्वयं नै आफ्नै खुसीले अनुशासन पालन गर्ने तुल्याउनुपर्छ । यसरी अनुशासन अभ्यास गराउने विद्यालयलाई नै उत्तम अनुशासन भएको विद्यालय मानिन्छ । डर देखाएर बाहिरबाट लदाएको अनुशासन चिरस्थायी र प्रभावशाली हुन सक्तैन र यस किसिमको अनुशासनले शिशुहरूलाई भावी जीवनको मार्ग निर्देश गर्न सक्दैन ।

**106.** अनुशासनले बुझाउँछ

(1) सङ्ख्या र अङ्कको मूल्य निर्धारण गर्ने सूत्र र नियम

(2) जन्मदेखि मृत्युसम्मका विभिन्न क्रियाकलापहरूमा रहने विघ्न बाधा

(3) नियमहरूप्रति आज्ञाकारी हुनाको भाव जुन नैतिकतालाई खास विचार गरी तय गरिएका हुन्छन्

(4) नियमले बाँधिएको मान्छे र उसको संसार

**107.** 'अनुशासनको परिधिभित्र रहनु आवश्यक छ' — परिधि शब्दद्वारा बुझिन्छ

(1) तय गरिएका पूर्वाधारहरू

(2) रेखा मात्रै

(3) सीमा

(4) गोलो वृत्ताकार रेखा

**108.** 'साधारण भाषामा भन्नु' भनेको के हो ?

(1) विषयको सरलीकरण गर्नु

(2) महत्त्व नदिई साधारण पाराले भन्नु

(3) सजिलो प्रकारले भन्नु

(4) बोलचालको भाषामा भन्नु

**109.** अनुशासनको अभ्यास गरिन्छ

(1) अन्तर हृदयबाट

(2) हृदय हृदयको मेलबाट

(3) अनुशासनहीनताको आलोचना गरेर

(4) अरूले भनेको जस्तै गरेर

**110.** अनुच्छेदमा प्रयुक्त 'छाडा' शब्दको तात्पर्य

(1) मनपरी बोल्ने

(2) नियमको पालन नगर्ने

(3) अश्लील

(4) आमा-बाबुलाई देख्न नसक्ने

**111.** 'विद्यालय' शब्दमा कुन सन्धि छ ?

(1) वृद्धि सन्धि
(2) दीर्घ सन्धि
(3) यण् सन्धि
(4) अयादि सन्धि

**112.** 'आपद' शब्दको विपरीतार्थक हुन्छ

(1) निरापद
(2) विनाआपद
(3) शून्यआपद
(4) अनापद

**113.** अनुशासनको सबैभन्दा मुख्य लक्षण हो

(1) नैतिकता
(2) शिक्षा
(3) मार्ग-निर्देश
(4) स्वावलम्बन

**114.** देशको शान्ति र उन्नतिमा बाधा आउँछ

(1) अनुशासनको विरोध मात्र गरिरहवाले
(2) विद्यालयको भूमिकालाई महत्त्व नदिनाले
(3) अनुशासन नभएको अवस्थाले
(4) अनुशासनको आलोचना गर्वाले

***निर्देशन :*** *तल दिइएको पद्य पढेर सोधिएका प्रश्नहरूको (प्रश्न सं. 115 – 120) उत्तर सही विकल्प छानेर दिनुहोस् ।*

प्रयासका पत्थरमा नदीसरि
बहन्छु हाँसी म तरङ्गले भरी,
म पोखरीझैं उहि ठाउँ जम्दिन
छ शुद्ध यो जीवनको सबै कण ।

निधार मेरो पसिना-जडाउ छ,
मोती तिनैको अनमोल भाउ छ;
छ शान्तिको सुन्दर दीप वासमा
पीयूषको स्वाद छ गाँस-गाँसमा ।

**115.** पद्यको पहिलो चार पङ्क्तिले कस्तो दर्शन प्रस्तुत गर्छ ?

(1) नदी र पोखरीको तुलना
(2) जीवनको गतिशीलता र शुद्धता
(3) पोखरीको निन्दा
(4) उल्लासमय जीवन

**116.** 'पसिना'-लाई के मानिएको छ ?

(1) कलापूर्ण उत्सर्जन
(2) विलासको रत्न
(3) आभूषण
(4) परिश्रमको फल

**117.** 'पीयूष' शब्दको अर्थ हो

(1) मिष्टान्न
(2) अमृत
(3) स्वादिलो खाना
(4) पायस

**118.** 'शान्तिको दीप' पदावलीको समस्त पद हुन्छ

(1) शान्तिप्रभा
(2) शान्तिदीप
(3) शान्तिवास
(4) शान्तिआभा

**119.** 'अनमोल भाउ' मा अनमोल भन्नाले बुझिन्छ

(1) मोलविपरीत
(2) मूल्यहीन
(3) अमूल्य
(4) मूल्यवान

**120.** कवितामा कविको कस्तो भाव प्रकट भएको छ ?

(1) असन्तुष्टि
(2) दिग्दारी
(3) ईर्ष्या
(4) सन्तोष

Candidates should answer questions from the following Part only if they have opted for **NEPALI** as **LANGUAGE – II.**

→

# भाग V
# भाषा II
# नेपाली

*निर्देशन : तल दिइएका उपयुक्त विषय छान्नुहोस् ।*

**121.** अङ्ग्रेजी पाठ्यक्रममा संवाद-लेखन मुख्यतः यो कुरा जाँच गर्नका निम्ति समावेश गरिन्छ

(1) व्याकरणगत शुद्धता
(2) वार्तालाप गर्ने कौशल
(3) रचनात्मकता
(4) लेखाइको धाराप्रवाह

**122.** जे पढाइन्छ त्यही सिकिँदैन, कारण

(1) अनौपचारिक चर्चाका समयमा विद्यार्थीहरू ध्यान दिने गर्छन्
(2) शिक्षकको समाज-आर्थिक स्तर विद्यार्थीहरूको भन्दा धेरै भिन्न हुन सक्छ
(3) विद्यार्थीहरूमा अलग किसिमको योग्यता र व्यक्तित्व विद्यमान हुन्छ अनि ती विविध पृष्ठभूमिबाट आएका हुन्छन्
(4) कुनै शिक्षक वा सिकारुले कुनै पनि विषयमा कहिल्यै प्रवीणता हासिल गर्व सक्तैनन्

**123.** प्रसङ्ग-वाक्यले मूल विचार वहन गरेको हुन्छ

(1) भाषणमा
(2) अनुच्छेदमा
(3) वार्तालापमा
(4) निबन्धमा

**124.** ज्ञाननिर्मितिवाद त्यो सिद्धान्त हो जहाँ विद्यार्थीहरू

(1) विषयगत अनुभवका माध्यमले अनि ती अनुभवहरू बारे चिन्तन गरेर जीवन जगतप्रतिको ज्ञान अनि त्यसलाई बुझ्ने दृष्टिको विकास गर्छन्
(2) शिक्षकको सहयोग पाउँछन् अनि अनुसन्धान र आफ्नै सिद्धान्त प्रतिपादनका निम्ति विविध माध्यमको प्रयोग गर्छन्
(3) आफै सिक्ने उपकरणहरूको विकास गर्छन् र अनुभवले त्यसको विकास गर्दै जान्छन्
(4) भिन्न-भिन्न नमुनाका प्रकारहरूको अध्ययन गर्छन् अनि कुनै युक्तिपूर्ण निष्कर्ष निकाल्छन्

**125.** सञ्चार प्रौद्योगिकी जसले कुनै संस्थानमा शैक्षिक संसाधन बाँड्न सहयोग गर्छ

(1) इन्ट्रानेट
(2) डेलनेट
(3) अरनेट
(4) इन्टरनेट

**126.** 'आभासी यथार्थ' हो

(1) भिडियोकन्फरेन्सिङ
(2) कम्प्युटर प्रदत्त दृश्यीकरणको एउटा समुन्नत उपकरण
(3) भिडियोडिस्क
(4) टेलिकन्फरेन्सिङ

**127.** सङ्करण प्रक्रियाद्वारा संरचित शब्द हो

(1) प्रिन्टिङ-पेपर
(2) नोटकपी
(3) पुनर्मुद्रण
(4) कम्प्युटरीकरण

**128.** दुईवटा भिन्न अर्थका शब्दको योगले बनेको समस्त पद हो

(1) घरिघरि
(2) कल्याङमल्याङ
(3) छोराछोरी
(4) आँधीहुरी

**129.** भाषिक अधिग्रहण

(1) का निम्ति व्याकरणको विश्लेषण तथा यसका रचनाहरूतर्फ सुव्यवस्थित दृष्टि तथा शब्दहरूको कण्ठस्थता संलग्न रहन्छ

(2) भन्नाले मानव मस्तिष्कको जन्मजात योग्यताका कारण मातृभाषा वा दोस्रो भाषा सिक्ने प्रक्रिया बुझिन्छ

(3) नानीहरूले उनीहरूको मातृभाषा सिक्ने परिवेशलाई उत्प्रेरित गर्ने एउटा निर्दिष्ट तकनिक हो

(4) का निम्ति कण्ठस्थता तथा आवश्यक शब्दहरूको प्रयोग अनिवार्य हुन्छ

**130.** एन.सी.एफ. 2005 का अनुसार _________ शिक्षणको उद्देश्य साक्षरताका माध्यमले ज्ञानको खोजी गर्नु तथा उपकरण प्रदान गर्नु हो ।

(1) I भाषा

(2) III भाषा

(3) शास्त्रीय भाषाहरू

(4) II भाषा

**131.** 'क्रिया पदबन्ध' — को उदाहरण हुन सक्छ

(1) ऊ हिँडेछ

(2) तिमी खुसी छौ

(3) बेस्सरी खायो

(4) मैले खाएँ

**132.** विषय-केन्द्रित पद्धति त्यो हो जहाँ सिक्ने कौशलको समायोजन यसका आधारमा गरिन्छ

(1) शिक्षकको विषयप्रतिको दक्षता

(2) विषय वस्तु

(3) शैक्षिक प्रविधि

(4) विद्यार्थीहरूको रुचि

**133.** मूल्याङ्कनको मापदण्ड हो

(1) प्रश्नअनुसारको अङ्क-वितरण

(2) विद्यार्थीका योग्यताको साधारण छाप

(3) स्कोरिङ-की

(4) मूल्याङ्कन निर्देशन

**134.** 'हलो' शब्दको उच्चारण गर्दा 'ह' को उच्चारण स्थान हुन्छ

(1) तालु

(2) दन्त

(3) मूर्धा

(4) कण्ठ

**135.** पढ्दा सङ्कलन गर्ने कौशल हो

(1) नोट बनाउनु

(2) संक्षेपीकरण गर्नु

(3) बोध

(4) नोट टिप्नु

***निर्देशन :*** *अधोलिखित अवतरणलाई पढेर दिइएको प्रश्नहरू (प्रश्न सं. 136 – 141) को संभावित विकल्प बाट छानेर सही उत्तर दिनुहोस् ।*

मेरा पाठकहरूलाई म आजभन्दा चालीस वर्षअघि लेखिएर छापिएको मेरो 'नमस्ते' भन्ने लेखको स्मरण गराउँछु । त्यस लेखमा मैले व्यवहार गर्न नजानेर खप्नुपरेका अप्ठ्याराहरूको बयान गरेको थिएँ । म भर्खर बीए पढ्दै गरेको नवयुवक थिएँ र व्यवहारका झमेला देख्ता तर्सेर, बाल्ल परेर र लाजले भुतुक्क भएर परपर भाग्ने गर्थें । चालीसचालीस वर्षका हन्डर र ठक्कर खाएर यो जीउ छियाछिया भइसक्यो । मेरो शरीरका हरेक भागमा आज तपाईं मुड्की, लात्ती र लौराहरूका दाग, खत र घाउहरू मात्र फेला पार्नुहुनेछ । शरीरलाई थिल्थिल्याएर, दगल्च्याएर र धुरन्याएर यतिका वर्षभरि परिस्थितिहरूले मलाई पेल्नसम्म पेले । र म आज एउटा खण्डहर भएर तपाईंहरूका सामुन्नेमा उभिएको छु । मानिस एक्लै बाँच्न सक्तो रहेनछ, एक्लो भएमा बृहस्पति नै पनि झूटो मानिँदो रहेछ । स्वाभिमान थियो मेरो । म एक्लै क्षितिजहरू फार्दै नक्षत्र समात्न दुगुरिरहेको थिएँ । शरीरले पिटाइ पाए गनि मन दह्रो थियो मेरो । म मनकै भरमा, इच्छाशक्तिकै आडमा र बौद्धिकताकै बल र बुतामा धेरै उफ्रें, धेरै नाचें र धेरै कुदें । अनि सस्यानो भए पनि परिवार सँगाल्नुपर्‍यो मैले । र तपाईंहरूलाई थाहै छ परिवारको प्रेममा परेपछि स्वच्छन्द उफ्रन, एक्लै नाच्न र बुर्कुसी मार्दै कुद्न कसैलाई पनि मिल्दैन ।

**136.** अनुच्छेदका लेखक आज एउटा खण्डहर भएका छन्, कारण

(1) शरीरले पिटाइ पाएर

(2) परिस्थितिहरूले पेलेर

(3) लत्तो छोडेर

(4) एक्लो भएर

**137.** व्यवहार-ज्ञान कसरी प्राप्त हुन्छ

(1) इच्छाशक्ति भएमा

(2) शरीर शिथिल भएपछि

(3) उमेर र परिस्थितिको भोगाइले

(4) धेरै विषयका कुरा पढेपछि

**138.** 'एक्लो बृहस्पति झुटो' — हो

(1) उखान

(2) वाक्यात्मक भेद

(3) टुक्का

(4) वाग्धारा

**139.** 'म एक्लै क्षितिजहरू फार्दै नक्षत्र समात्न दुगुरिरहेको थिएँ' — कस्तो किसिमको वाक्य भनी बुझाउनुहुन्छ

(1) अभिव्यक्तिमूलक

(2) काल्पनिक

(3) अनुभूतिसदृश

(4) लाक्षणिक

**140.** मन दह्रो थियो, कारण

(1) परिवार सँगाल्नु परेको थियो

(2) इच्छाशक्तिको अभाव थिएन

(3) शरीरमा उफ्रने नाच्ने, कुद्ने ताकत थियो

(4) शरीरले पिटाइ पाएको थियो

**141.** 'भुतुक्क' कस्तो शब्द हो ?

(1) नामिक क्रिया

(2) क्रियायोगी

(3) अनुकरणात्मक क्रियापद

(4) अनुकरणात्मक संज्ञा

***निर्देशन :*** *अधोलिखित अवतरणलाई पढेर दिइएको प्रश्नहरू (प्रश्न संख्या 142 – 150) को संभावित विकल्प बाट छानेर सही उत्तर दिनुहोस् ।*

बूढापाकाहरूको भनाइअनुसार जसरी बालकलाई जन्म नदिएसम्म कुनै पनि स्वास्नीमान्छे अनुभवी र बुद्धिमती मानिन्न उसरी नै आफ्नै घर नबनाएसम्म कुनै पनि लोग्नेमान्छे बुद्धिमान्, पाको र मानिस भनिन योग्य ठहरिदैन । यस भनाइलाई मान्ने हो भने मैले जीवनको महत्त्वपूर्ण समय मानिस नभएरै बिताएँछु । मानिसको जन्म लिएर पनि मानिस हुन नपाउनु जस्तो व्यथा अरू केही हुँदो रहेनछ । यति रमणीय पृथ्वीको बासिन्दा भएर पनि नीलो आकाशलाई छानु र हरियो घासलाई ओछ्यान मात्र बाध्य भई भाग्यको विडम्बनामा सन्तोष मान्नु जस्तो वेदना अरू केही हुँदो रहेनछ । उहिल्यै लोमश नाउँका ठूला वेदान्ती ऋषि थिए रे । उनी टाउकामाथि च्याउ जस्तो छाता बाँधेर यही हो मेरो सुरक्षा गर्ने छानु भन्थे रे । कसैले 'तपाईंलाई घरको आवश्यकता पर्दैन ?' भनेर सोध्यो भने उनी आफ्नो शरीरभरिका झ्याप्झ्याप्ती रौतिर औल्याउँदै भन्थे रे, "हर, मेरो जीवन ज्यादै छोटो छ । मेरो शरीरमा जति रौ छन्, म त्यति वर्ष मात्रै बाँच्छु । यति थोरै समयका लागि घरको आवश्यकतै किन पऱ्यो र ?" म लोमश ऋषिको चेलो होइनँ, तर परिस्थितिले मलाई उनीभन्दा अव्यावहारिक, उनीभन्दा उडन्ते र उनीभन्दा पङ्गु बनाइदियो । हो, म रातिराति अँध्यारो कोठामा हुँदै नभएको काला विरालो खोज्ने अन्धो दार्शनिक पनि होइन, मृत्युलोकको भोग साह्रै थोरै कालको हुनाले कुनै कुराका स्थायित्व छैन भनेर फत्फताउने घुमन्ते जोगी पनि होइन र यो शरीर नष्ट भएपछि स्वर्लोकका कल्कलाउँदा किन्नरीहरूसित सङ्गमर्मरका भवनहरूमा विलासी जीवन बिताउने लोभले यस जुनीका भौतिक सुखसाधनहरूलाई तत्याएर हिँड्ने खरानीघसुवा फूस्रे पनि होइन, तर मैले आफ्नै छानामनि शान्तिसित सुत्न पाउने मेरो महत्त्वाकाङ्क्षालाई धेरैधेरै वर्षसम्म पूरा गर्न पाइन, होकने । म एउटा भकुन्डो भएर फुकिएँ र अनेकौ वज्रलातहरूले मलाई कुटे, हाने र बजारे । कहिले गुड्दै, कहिले अक्कासिँदै र कहिले ठोक्किँदै म यस कुनाबाट त्यस कुनामा, यस भुईंबाट त्यस भुइँमा र यस भित्ताबाट त्यस भित्तामा थेचारिन पुगेँ । मुलुकमा मित्रता, माया र मौका नपाएपछि म मानवताको खोजमा मुटु मिचेर म्लेच्छहरूका

माटामा मुन्टिन पुगेँ । स्वदेशमा शिक्षा र शिष्टता, सहभागिता र सहयोग तथा स्वाभिमान र स्वतन्त्रता नभेटेपछि निसास्सिँदै म सातसमुद्र तरेर छट्पटाउन, भुट्भुटिन र अलल्लिन पुगेँ । तर घरको धोको, छाप्राको छटपटी र छानाको तिर्खा मेरो छातीभरिभरि छचल्किरह्यो, मेरो मुटुभरिभरि मडारिइरह्यो र मेरो शिरभरिभरि सन्सनाइरह्यो । नसानसामा अदम्य भोक्को रगत बगाउँदै, पाँसुलापाँसुलामा अतृप्तिको भर्भराउँदो अग्नि जलाउँदै र जोर्नीजोर्नीमा उखर्माउलो आकाङ्क्षाको विद्रोह उराल्दै म भौंतारिइरहें, लुटिइरहें र छक्किइरहें । यसरी टाउको लुकाउने ठाउँको प्राप्तिका लागिको मेरो तपस्या अफाप सिद्ध भयो । यसरी बोरामा कोचारिएका पुस्तकपत्रिकाहरूलाई मिलाएर राख्न पाइने कोठाका लागिको मेरो साधना तासको घर भयो ।

**142.** 'जीवन ज्यादै छोटो छ' — यस वाक्यले बुझाउँछ

(1) दार्शनिक विचार

(2) भौतिकवादी दृष्टि

(3) हतोत्साही भाव

(4) आलस्य प्रवृत्ति

**143.** 'जीवनको महत्त्वपूर्ण समय मानिस नभएरै बिताएँछु' — भनाइले सङ्केत गर्छ

(1) भौतिक सुख-साधनको अभाव हुनु

(2) वज्रपात र दुःख आइलाग्नु

(3) मुलुकमा माया र मित्रता नपाउनु

(4) घर बनाउन नसक्नु

**144.** 'तासको घर' — ले बुझिन्छ

(1) तास-जुवा खेल्ने घर

(2) पूर्ण हुन नसकेको सपना

(3) क्षणभङ्गुरता

(4) कागजको घर

**145.** 'मृत्युलोको भोग साह्रै थोरै कालको हुनाले कुनै कुराको स्थायित्व छैन' — भनाइको तात्पर्य हो

(1) पृथ्वीमा स्थायित्व इच्छा भएमा पाउन सकिने कुरा हो

(2) जीवन छोटो छ, पृथ्वीमा कुनै कुरा स्थायी छैन

(3) निराश भए जीवन अस्थायी हुन्छ

(4) मृत्युलोकको भोग धेरै कालको भए जीवन स्थायी हुन्छ

**146.** मुटु मिचेर म्लेच्छहरूका माटामा मुन्टिन पुगेँ ' — यहाँ कुन अलङ्कार परेको छ ?

(1) अन्त्यानुप्रास

(2) लाटानुप्रास

(3) श्लेष

(4) वृत्त्यनुप्रास

**147.** 'अँध्यारो कोठामा हुँदै नभएको कालो बिरालो खोज्नु' — ले बुझाउँछ

(1) रात परेपछि कुनै कुरा खोज्नु

(2) खोजेको अभिनय गर्नु

(3) अनुमानित र सम्भावित कुराको खोजी गर्नु

(4) अलभ्य कुराको सन्धान गर्नु

**148.** 'खरानीघसुवा' समस्त पदमा कुन समास परेको छ ?

(1) कर्मधारय

(2) तत्पुरुष

(3) द्वन्द्व

(4) अव्ययीभाव

**149.** अनुच्छेदमा परेको 'फुकिएँ'

(1) भाववाच्यको क्रियापद हो

(2) कर्मवाच्यको क्रियापद हो

(3) अपूर्ण भूतकालिक क्रियापद हो

(4) कर्तृवाच्यको क्रियापद हो

**150.** शब्दनिर्माणको प्रक्रियामा 'नसानसा', 'पाँसुलापाँसुला' र 'जोर्नीजोर्नी' शब्दहरू हुन्

(1) समास प्रक्रियाले बनेका शब्द

(2) द्वित्व प्रक्रियाले बनेका शब्द

(3) सङ्करित शब्द

(4) सन्धि भएका शब्द

# SPACE FOR ROUGH WORK

# SPACE FOR ROUGH WORK

***तल दिइएको निर्देशन ध्यानले पढ्नुहोस***

1. OMR को दोस्रोपातोमा दिइएका चार वैकल्पिक प्रश्नहरूमध्ये केवल एउटा शुद्ध उत्तरलाई निलो/कालो बलपेनले कालो पार्नुहोस् । एकपटक उत्तर कालो पारेपछि त्यसलाई सच्याउन पाइने छैन ।
2. परीक्षकले उत्तर पुस्तिका पल्टाइ वा भाँचभुच गर्न पाउने छैनन् । कुनै पनि उत्तरमाथि कोरकार नगर्ने । निर्दिष्ट गरेबाहेक अन्यत्र कतै आफ्नो रोलनम्बर नलेख्ने ।
3. परीक्षा पुस्तिकालाई विशेषरूपले ध्यान दिनु । कुनै कारणवश परीक्षा पुस्तिका यताउता परे मात्रै अर्को परीक्षा पुस्तिका दिइने छ ।
4. परीक्षार्थीले दिइएको परीक्षा पुस्तिकामा कोड नम्बर आदि सही ढङ्गले लेख्नुपर्ने छ ।
5. परीक्षार्थीले परीक्षाको समयमा कुनै पाठ्यसामग्री, टङ्कित वस्तु, कागज, मोबाइल फोन र अन्य कुनै पनि विद्युतीय सामाग्री आदि ल्याउन पाउने छैनन् ।
6. आवश्यक र उचित समयमा परीक्षार्थीले आफ्नो प्रवेशपत्र देखाउनुपर्ने छ ।
7. निरीक्षकको अनुमति बिना परीक्षार्थीले बाहिर जान पाउने छैनन् वा परीक्षा भवन छोडन सक्ने छैनन् ।
8. परीक्षार्थीले उत्तर पुस्तिका नबुझाएसम्म परीक्षा भवन छोडन पाउने छैनन् । परीक्षा भवन छोड्नु अधि निरीक्षकपत्र, उपस्थितिपत्र आदिमा हस्ताक्षर गर्नुपर्नेछ ।
9. कुनै पनि विद्युतीय उपकरण राख्न निषेध छ ।
10. परीक्षार्थीले बोर्डले दिएको निर्देशको पूर्णरूपले पालन गर्नुपर्ने छ । कुनै तरीकाले नियम उलङ्घन भएमा बोर्डको नियमअनुसार दण्डको व्यवस्था गरिने छ ।
11. प्रश्न पुस्तिकाको कुनै खण्ड च्यात्न वा फटाउन पाइने छैन ।
12. **परीक्षाको समाप्तिपछि परीक्षार्थीले सबै प्रकारले उत्तर पुस्तिका परीक्षकलाई बुझाउनुपर्ने छ तब मात्रै परीक्षा भवन छोडन पाइने छ । परीक्षार्थीले कुनै पनि उत्तर पुस्तिका साथमा लान पाउने छैनन् ।**

**READ CAREFULLY THE FOLLOWING INSTRUCTIONS :**

1. Out of the four alternatives for each question, only one circle for the correct answer is to be darkened completely with Blue/Black Ball Point Pen on Side-2 of the OMR Answer Sheet. The answer once marked is not liable to be changed.
2. The candidates should ensure that the Answer Sheet is not folded. Do not make any stray marks on the Answer Sheet. Do not write your Roll No. anywhere else except in the specified space in the Answer Sheet.
3. Handle the Test Booklet and Answer Sheet with care, as under no circumstances (except for discrepancy in Test Booklet Code or Number and Answer Sheet Code or Number), another set will be provided.
4. The candidates will write the correct Test Booklet Code and Number as given in the Test Booklet / Answer Sheet in the Attendance Sheet.
5. Candidates are not allowed to carry any textual material, printed or written, bits of papers, pager, mobile phone, electronic device or any other material except the Admit Card inside the examination hall/room.
6. Each candidate must show on demand his / her Admission Card to the Invigilator.
7. No candidate, without special permission of the Superintendent or Invigilator, should leave his / her seat.
8. The candidates should not leave the Examination Hall without handing over their Answer Sheet to the Invigilator on duty and sign the Attendance Sheet twice. Cases where a candidate has not signed the Attendance Sheet a second time will be deemed not to have handed over the Answer Sheet and dealt with as an unfair means case.
9. Use of Electronic / Manual Calculator is prohibited.
10. The candidates are governed by all Rules and Regulations of the Board with regard to their conduct in the Examination Hall. All cases of unfair means will be dealt with as per Rules and Regulations of the Board.
11. No part of the Test Booklet and Answer Sheet shall be detached under any circumstances.
12. **On completion of the test, the candidate must hand over the Answer Sheet to the Invigilator in the Room / Hall.** ***The candidates are allowed to take away this Test Booklet with them.***

SEAL

**निम्नलिखित निर्देश ध्यान से पढ़ें :**

1. प्रत्येक प्रश्न के लिए दिए गए चार विकल्पों में से सही उत्तर के लिए OMR उत्तर पत्र के पृष्ठ-2 पर केवल एक वृत्त को ही पूरी तरह नीले/काले बॉल पॉइन्ट पेन से भरें । एक बार उत्तर अंकित करने के बाद उसे बदला नहीं जा सकता है ।
2. परीक्षार्थी सुनिश्चित करें कि इस उत्तर पत्र को मोड़ा न जाए एवं उस पर कोई अन्य निशान न लगाएँ । परीक्षार्थी अपना अनुक्रमांक उत्तर पत्र में निर्धारित स्थान के अतिरिक्त अन्यत्र न लिखें ।
3. परीक्षा पुस्तिका एवं उत्तर पत्र का ध्यानपूर्वक प्रयोग करें, क्योंकि किसी भी परिस्थिति में (केवल परीक्षा पुस्तिका एवं उत्तर पत्र के संकेत या संख्या में भिन्नता की स्थिति को छोड़कर) दूसरी परीक्षा पुस्तिका उपलब्ध नहीं करायी जाएगी ।
4. परीक्षा पुस्तिका / उत्तर पत्र में दिए गए परीक्षा पुस्तिका संकेत व संख्या को परीक्षार्थी सही तरीके से हाज़िरी-पत्र में लिखें ।
5. परीक्षार्थी द्वारा परीक्षा हॉल/कक्ष में प्रवेश कार्ड के सिवाय किसी प्रकार की पाठ्य सामग्री, मुद्रित या हस्तलिखित, काग़ज़ की पर्चियाँ, पेजर, मोबाइल फोन, इलेक्ट्रॉनिक उपकरण या किसी अन्य प्रकार की सामग्री को ले जाने या उपयोग करने की अनुमति नहीं है ।
6. पूछे जाने पर प्रत्येक परीक्षार्थी, निरीक्षक को अपना प्रवेश-कार्ड दिखाएँ ।
7. अधीक्षक या निरीक्षक की विशेष अनुमति के बिना कोई परीक्षार्थी अपना स्थान न छोड़ें ।
8. कार्यरत निरीक्षक को अपना उत्तर पत्र दिए बिना एवं हाज़िरी-पत्र पर दुबारा हस्ताक्षर किए बिना परीक्षार्थी परीक्षा हॉल नहीं छोड़ेंगे । यदि किसी परीक्षार्थी ने दूसरी बार हाज़िरी-पत्र पर हस्ताक्षर नहीं किए तो यह माना जाएगा कि उसने उत्तर पत्र नहीं लौटाया है और यह अनुचित साधन का मामला माना जाएगा ।
9. इलेक्ट्रॉनिक / हस्तचालित परिकलक का उपयोग वर्जित है ।
10. परीक्षा-हॉल में आचरण के लिए परीक्षार्थी बोर्ड के सभी नियमों एवं विनियमों द्वारा नियमित हैं । अनुचित साधनों के सभी मामलों का फैसला बोर्ड के नियमों एवं विनियमों के अनुसार होगा ।
11. किसी हालत में परीक्षा पुस्तिका और उत्तर पत्र का कोई भाग अलग न करें ।
12. **परीक्षा सम्पन्न होने पर, परीक्षार्थी कक्ष / हॉल छोड़ने से पूर्व उत्तर पत्र कक्ष-निरीक्षक को अवश्य सौंप दें ।** ***परीक्षार्थी अपने साथ इस परीक्षा पुस्तिका को ले जा सकते हैं ।***